गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,९४,००० ▼ |
| चाँदी | : | ४७८० ▼ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २७८२.१८ (+५.८२) ▲ |
| कारोबार रकम | : | ८,८१९,७२३,३३५ ▼ |
| कारोबार भएका सेयर | : | २१,३१८,९२९ |
| कारोबार सङ्ख्या | : | १०३,२२५ |
| कारोबार भएका कम्पनी | : | ३२८ |

# रेमिट्यान्स र विदेशी मुद्रा सञ्चिति उकालो अर्थतन्त्र भने सुस्त

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १९ गते*

पश्चिम एसियामा जारी द्वन्द्वले विश्व अर्थतन्त्रमा नै कम्पन पैदा भइरहेका बेला मुलुकमा भित्रिने रेमिट्यान्स आप्रवाहलाई भने छोएको छैन। बढ्दो रेमिट्यान्स आप्रवाहले अर्थतन्त्रलाई बलियो सहारा दिइरहेको छ तर यही रेमिट्यान्सका भरमा टिकेको अर्थतन्त्रमा उत्पादन र लगानी सुस्त रहँदा दीर्घकालीन दिगोपनप्रति प्रश्न उठेको छ।

नेपाल राष्ट्र बैङ्कले बिहीबार सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/८३ को आठ महिना (२०८२ फागुनसम्म) को तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिका अनुसार समीक्षा अवधिमा रेमिट्यान्स आप्रवाह ३७.७ प्रतिशतले वृद्धि भई १४ खर्ब ४९ अर्ब ६५ करोड पुगेको छ।

अघिल्लो वर्षको सोही अवधिमा रेमिट्यान्स आप्रवाह ९.५ प्रतिशतले बढेको थियो । गत फागुनमा रेमिट्यान्स आप्रवाह एक खर्ब ८८ अर्ब ६४ करोड रहेको छ । अघिल्लो वर्षको सोही महिनामा रेमिट्यान्स आप्रवाह एक खर्ब ५१ अर्ब १९ करोड रहेको थियो। समीक्षा अवधिमा अमेरिकी डलरमा रेमिट्यान्स आप्रवाह ३१.० प्रतिशतले वृद्धि भई १० अर्ब १५ करोड पुगेको छ।

अघिल्लो वर्ष यस्तो आप्रवाह ७.१ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) १५ खर्ब ९१ अर्ब ६६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय



११ खर्ब ४९ अर्ब ३० करोड रहेको थियो।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत नयाँ) लिने नेपालीको सङ्ख्या दुई लाख ७३ हजार ५३६ र पुनः श्रम स्वीकृति लिनेको सङ्ख्या दुई लाख ५१ हजार ९८५ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः तीन लाख १७ हजार ६८ र दुई लाख १७ हजार ४०३ रहेको थियो।

बैङ्किङ प्रणालीमा पर्याप्त तरलताले कर्जा विस्तार अपेक्षा अनुसार बढ्न नसक्नु, ब्याजदर घट्दो क्रममा हुँदा लगानी गर्न हिचकिचाउँदा देशको समष्टिगत अर्थतन्त्र मिश्रित अवस्थामा देखिएको छ।

राष्ट्र बैङ्कको तथ्याङ्क अनुसार वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ३.६२ प्रतिशत रहेको छ । कुल विदेशी विनिमय सञ्चिति ३४ खर्ब १३ अर्ब ७७ करोड रहेको छ। अमेरिकी डलरमा उक्त सञ्चिति २३ अर्ब आठ करोड पुगेको छ। यस्तो सञ्चिति १८.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ।

समीक्षा अवधिमा चालु खाता पाँच खर्ब ५२ अर्ब ८५ करोड र शोधनान्तर छ खर्ब ५८ अर्ब ३५ करोड बचतमा रहेको छ। यस्तै निर्यात २०.८ प्रतिशतले र आयात १२.५ प्रतिशतले बढेको छ।

नेपाल सरकारको खर्च नौ खर्ब २६ अर्ब ५९ करोड र राजस्व परिचालन सात खर्ब ४७ अर्ब २८ करोड रहेको छ। विस्तृत मुद्राप्रदाय ६.७ प्रतिशतले बढेको छ। वार्षिक विन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १४.५ प्रतिशतले बढेको छ।

राष्ट्र बैङ्कको तथ्याङ्क अनुसार बैङ्क तथा वित्तीय संस्थाको निक्षेप परिचालन ६.६ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जा ४.४ प्रतिशतले बढेको छ। वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर १५.१ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ६.७ प्रतिशत रहेको छ।

यस्तै बैङ्क तथा वित्तीय संस्थाबिचको भारित औसत अन्तरबैङ्क दर २.६८ प्रतिशत र ९१ दिन अवधि भएको ट्रेजरी बिलको भारित औसत ब्याजदर २.४७ प्रतिशत रहेको छ । वाणिज्य बैङ्कहरूको निक्षेपको भारित औसत ब्याजदर ३.४५ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ६.९० प्रतिशत रहेको छ।

### राजस्व चुहावट नियन्त्रण समितिको बैठक

# कर विवाद टुङ्ग्याइने 'ननफाइलर' घटाइने



**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १९ गते*

सरकारले राजस्व बढाउने र चुहावट नियन्त्रण गर्न जिम्मेवारी तोकेरै कार्ययोजना बनाउने भएको छ। अर्थ मन्त्रालयमा बिहीबार बसेको राजस्व चुहावट नियन्त्रण समितिको बैठकले चुहावट नियन्त्रण कार्य नतिजामै देखिने गरी बिहीबारदेखि काम सुरु गर्ने निर्णय गरेको हो।

बैठकले कर विवादसँग सम्बन्धित विषय यथाशीघ्र टुङ्ग्याउने र नियमित कर विवरण नबुझाउने ननफाइलर करदाताको सङ्ख्या घटाउने निर्णय पनि गरेको छ। बक्यौता असुली र बेरुजु फर्स्योटमा नतिजा देखिने गरी काम गर्ने अनि राजस्व चुहावट नियन्त्रणमा संलग्न निकाय तथा जनशक्तिको क्षमता विकासमा जोड दिने र प्रणालीगत सुधारलाई निरन्तरता दिने बैठकको अर्को निर्णय छ।

बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले लक्ष्यमा आधारित कार्यप्रणाली अर्थात् मिसन मोडेल नहुँदा नियमित प्रकृतिका काममा प्रशासन सफल हुन नसकेको बताउनुभयो। ठुला काम तथा घटना व्यवस्थापन गर्न सक्षम ठहरिएको प्रशासन लक्ष्यमा आधारित काम गर्न भने सफल नभएको उहाँको धारणा थियो।

उहाँले अबका नियमित प्रकृतिका काम टास्क मोडलमा आधारित हुने बताउनुभयो। राजस्व वृद्धिका लागि सरकारले राजस्वको दर घटाउने र दायरा बढाउने नीति अवलम्बन गर्ने र प्रणालीगत सुधारमा केन्द्रित हुने सरकारको मार्गचित्र रहेको उहाँले जानकारी दिनुभयो।

अर्थमन्त्री वाग्लेले सरकारले कर परिपालनाको वातावरण निर्माण गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो । तस्करीमा आबद्ध व्यक्ति, समूह वा वर्गलाई पनि राज्यका नीतिमार्फत स्वरोजगारी र उद्यमशीलतातर्फ ल्याउने वातावरण सरकारले निर्माण गर्ने उहाँको भनाइ थियो।

बैठकमा गृहमन्त्री सुधन गुरुङले राजस्व चुहावट नियन्त्रणका लागि समयसीमासहितको जिम्मेवारी तोकी कार्ययोजना बनाएर खटिन निर्देशन दिनुभयो। एक निकायले अर्को निकायलाई पन्छाउने र दोष दिने प्रवृत्ति बन्द गर्न तथा नाकामा थप पूर्वाधार र उपकरण प्रबन्ध गर्न पनि उहाँले निर्देशन दिनुभयो।

कार्यक्रममा मन्त्रालयका राजस्व व्यवस्थापन महाशाखाका प्रमुख उत्तरकुमार खत्रीले राजस्वको वर्तमान अवस्था, राजस्व चुहावट जोखिमका क्षेत्र, राजस्व चुहावट नियन्त्रणका लागि सम्बन्धित निकायको भूमिका जानकारी गराउनुभएको थियो।

# विद्युत् आयोजनाको पिपिए र अनुमतिपत्रबारे अध्ययन गर्न दुई समिति

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, चैत १९ गते*

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले विद्युत् आयोजनाको अनुमतिपत्र र विद्युत् खरिदबिक्री सम्झौता (पिपिए) बारे अध्ययन गर्ने भएको छ । सो प्रयोजनका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले मन्त्रीस्तरीय निर्णयमार्फत बिहीबार विद्युत् खरिद सम्झौता तथा अनुमतिपत्रसम्बन्धी समिति गठन गर्नुभएको हो।

मन्त्रालयका सहसचिव डा. राजन भट्टराईको संयोजकत्वमा गठित छ सदस्यीय समितिले नेपाल विद्युत् प्राधिकरणबाट भएका विद्युत् खरिद सम्झौता (पिपिए) को विद्यमान अवस्थाको विश्लेषण गर्ने छ। यस समितिले पिपिए प्रक्रियाका नीतिगत, प्राविधिक, आर्थिक तथा कानुनी अड्चनको पहिचान गर्ने छ।

त्यस्तै आगामी दिनमा पिपिए प्रक्रियालाई थप पारदर्शी, प्रतिस्पर्धात्मक र राष्ट्रिय हित अनुकूल बनाउन आवश्यक सुधारको सिफारिस गर्ने जिम्मेवारीसमेत समितिलाई दिइएको छ।

यसै गरी विद्युत् विकास विभागबाट जारी भएका अनुमतिपत्रको वर्तमान अवस्थाको समीक्षा गर्न अर्का सहसचिव मोहन शाक्यको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको छ । सो समितिले हालसम्म जारी भएका अनुमतिपत्रको अवस्था र प्रगतिबारे विश्लेषण गर्दै अनुमति जारी प्रक्रियाभित्रका नीतिगत, प्राविधिक, आर्थिक तथा कानुनी कमजोरी पहिचान गर्ने छ।

साथै भविष्यमा अनुमतिपत्र वितरण जारी गर्ने प्रक्रियालाई थप पारदर्शी, प्रतिस्पर्धात्मक र राष्ट्रिय हित अनुकूल बनाउन नीतिगत तथा कानुनी सुधारका सुझावसमेत पेस गर्ने जिम्मेवारी समितिलाई दिइएको छ । निजी क्षेत्रले जलविद्युत् आयोजनाको पिपिए नगरिएका कारण आफ्नो लगानी लामो समयदेखि जोखिममा परिरहेको भन्दै विद्युत् अनुमतिपत्र र पिपिएका जटिलता हटाउन माग गर्दै आएको छ । स्वतन्त्र ऊर्जा उत्पादकको संस्था इप्पान नेपालका अनुसार करिब १३ हजार मेगावाट क्षमता बराबरका विद्युत् आयोजना पिपिए नभएरै रोकिएका छन्।

चालु आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा जलविद्युत् आयोजनाको पिपिए टेक एन्ड पे (लेऊ र तिर) गर्ने घोषणा गरिएको छ । यसले जलविद्युत् आयोजनाको अनुमतिपत्र लिएर अध्ययन गरिसकेका आयोजनामा भएको लगानी जोखिममा पार्ने भन्दै ऊर्जा उद्यमीले विरोध गर्दै आएका छन्।

**कोटहीमाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मझगावाँ, रुपन्देही**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
(सूचना प्रकाशित मिति : २०८२।१२।२० गते)

यस गाउँपालिकाको आ.व. २०८२ र ०८३ को स्वीकृत कार्यक्रमअन्तर्गत मिति २०८२।११।०६ र २०८२।११।१५ मा प्रकाशित सूचनाबमोजिम e-GP मार्फत दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपशिलअनुसारका बोलपत्रदाताहरूले पेश गरेका बोलपत्रहरू स्वीकृतिका लागि छनोट भएको सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| S.N | Contract ID | Name of Project | Name of Supplier and Adress | Amount NRs. (With VAT & PS) |
|---|---|---|---|---|
| 1. | 01/R/NCB/ KRM/082/083 | Extraction of River Bed Materials Pakadi Ghat | Arsha Infrastructure Pvt Ltd, Benipur 1 | 3977600 |
| 2. | 02/R/NCB/ KRM/082/083 | Extraction of River Bed Materials Kalwari Ghat | Rocks Surya Builders Pvt. Ltd, Gaidahawa-01 | 4787187 |
| 3. | 06/R/NCB/ KRM/082/083 | Extraction of River Bed Materials Beninagar Ghat1 | Namuna Construction , Kotahimai 05 | 1622391 |
| 4. | 07/R/NCB/ KRM/082/083 | Extraction of River Bed Materials Beninagar Ghat2 | Pal Construction, Gongabu -10,Ktm | 2079200 |
| 5. | 10/W/NCB/ KRM/082/083 | Lalbihari School Construction | Arsha Infrastructure Pvt Ltd, Rohini 1 | 4875629 |

प्रमुख प्रशासकीय अधिकृत

**Sarkegad Rural Municipality**
**Office Of Rural Municipal Executive**
**Sarkegad, humla**
**Karnali Provience, Nepal**

**Invitation For Online Bids**

**First Time Publication : 03/04/2026 AD (2082/12/20) BS**

Sarkegad Rural Municipality, Office Rural Municipal Executive Sarkegad, Humla invites electronic Bids for Goods and Works only for Nepalese eligible bidders/firms/Suppliers for the contracts named below.
The Detail of works are as follows:-

| S.N. | Contract Identification Number | Description Of work | Total Estimated Amount with VAT | Bid Security Amount Nrs. | Bid document fee Nrs. |
|---|---|---|---|---|---|
| 1. | SRM/ GOODS/ NCB/04/ 2082/083 | Procurement of Commercial Goat & Sheep Under SRM Agricultural Development, Livelihood Improvement Support and Income Generation Development Project | **50,00,000.00** | 1,25,000.00 | 3,000.00 |
| 2. | SRM/ GOODS/ NCB/05/ 2082/083 | Procurement of Agricultural Ambulance Under SRM Agricultural Development, Livelihood Improvement Support and Income Generation Development Project | **60,00,000.00** | 1,50,000.00 | 3,000.00 |
| 3. | SRM/ GOODS/ NCB/06/ 2082/083 | Procurement of Agricultural Machinery for all Wards Under SRM Agricultural Development, Livelihood Improvement Support and Income Generation Development Project | **30,00,000.00** | 75,000.00 | 3,000.00 |
| 4. | SRM/ WORKS/ NCB/08/ 2082/083 | Construction of Ag Agricultural Produce Collection Center Under SRM Agricultural Development, Livelihood Improvement Support and Income Generation Development Project | **25,00,000.00** | 62,500.00 | 3,000.00 |

Eligible Bidders may obtain all further information at the Office Rural Municipal Executive.
Mobile no. 9858391899/9851255273 or may visit PPMO website http:/www.bolpatra.gov.np/egp

**Acting Chief Administrative Officer.**

**Invitation for Bids**
**Koshi Province Assembly Secretariat**
**Koshi Province, Biratnagar, Nepal**
**Invitation for Bids for Procurement of Supply and Delivery of the following Vehicles**
**Date of publication: 2082/12/20 (3th April 2026)**

1. Koshi Province Assembly Secretariat, invites electronic bids from eligible bidders for the procurement of following items **under National Competitive Bidding (NCB) procedures.**

| Package No. | Contract Identification No | Descriptions | Quantity (Unit of Work) | Minimum Bid Security Amount (NRs.) | Cost of Bid Documents (NRs.) |
|---|---|---|---|---|---|
| 1 | KPA/NCB/G-1 (2082-083) | 2WD Hard Top Jeep | 3 | 500000 | 3000.00 |
| 2 | KPA/NCB/G-2 (2082-083) | 4WD Double Cab Pickup | 1 | 120000 | 3000.00 |

2. **Koshi Province Assembly Secretariat, Koshi Province, Biratnagar** invites Open Competition Bidding from Eligible Bidders for the **Supply and Delivery of the above vehicles** under National Competition Bidding Procedure. Please Refer to the Complete set of bidding documents through websites: ***www. bolpatra.gov.np/egp*** for detail information.
3. **The Bidders Must Download the bidding document through e-GP II Portal of PPMO websites www. bolpatra.gov.np/egp before 2083/01/18 (1st May, 2026)**
4. Bids must be submitted electronically through e-GPII of PPMO website www.bolpatra.gov.np/egp. The bidders **shall pay non refundable fee as specified above in Koshi Province Assembly Secretariat, Koshi Province, Biratnagar Code 2020013011**, **PTCO STATE NO 1 REVENUE(TSA) Account No. 1000100201010001**, at Financial Controller General Office **Revenue Head** 14229, **Bank Name**:- Rastriya Banijya Bank, Biratnagar, Morang and submit scanned electronic copy of the bank receipt along with the all electronic bid files.
5. The bid must be submitted before **12:00** hour noon of ***20 Baisakh 2083 (03 May, 2026).*** The accepted e-bid shall be open in the presence of the bidders representatives who choose to attend at ***13:00 hours*** on the last date of bid submission. Non-attendance of any or all the Bidders representatives shall not hinder the opening of the bids.
6. Bids must be accompanied by bid security amount as stated in above table either in the form of bank voucher confirming cash deposit in **Koshi Province Assembly Secretariat, Koshi Province Office Code 2020013011, Account no - 2120100202030000, *KHA-2-3: DHARAUTI A/C (PRA.LE.NI.KA) at Rastriya Banijya Bank, Biratnagar*** or a bid security issued by a commercial bank approved by validity for mínimum of 120 days as prescribed format counting from the date of bid opening.
7. The bidder must submit the original copy of their e-bids within 7 days of last day of bid submission deadline.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
9. Bids should comply in all respects with the Instruction to Bidder included in the Bid Document. Non compliance with this instruction shall result in disqualification.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.